आज मिति २०८२/०५/१८ गतेका दिन लेकवेशी नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री उमेश कुमार पौडेलज्यूको अध्यक्षतामा बसी तपसिल बमोजिमको निर्णय गरियो ।

बैठक संख्या: ५७

बैठक प्रारम्भ: दिनको १२:०० बजे

समापन: दिनको २:०० बजे

| सि.नं. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री उमेशकुमार पौडेल | |
| २ | नगर उप-प्रमुख | श्री विमला खड्लुक | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | श्री महेन्द्र कुमार शर्मा | |
| ४ | वडा अध्यक्ष | श्री हरिमान घले | |
| ५ | वडा अध्यक्ष | श्री चन्द्रबहादुर वुढा | |
| ६ | वडा अध्यक्ष | श्री लिलाराम अधिकारी | |
| ७ | वडा अध्यक्ष | श्री लोकेन्द्र थापा | |
| ८ | वडा अध्यक्ष | श्री चक्रबहादुर शाही | |
| ९ | वडा अध्यक्ष | श्री प्रतिमान वाकावल | |
| १० | वडा अध्यक्ष | श्री रुद्र बहादुर नेपाली | |
| ११ | वडा अध्यक्ष | श्री टिकाराम छन्तेल | |
| १२ | वडा अध्यक्ष | श्री मान बहादुर सोमै | |
| १३ | वडा अध्यक्ष | श्री प्रशुराम भण्डारी | |
| १४ | कार्यपालिका सदस्य | श्री जानकी पुन | |
| १५ | कार्यपालिका सदस्य | श्री साबित्रा नेपाली | |
| १६ | कार्यपालिका सदस्य | श्री मुक्ति खड्का | |
| १७ | कार्यपालिका सदस्य | श्री मनिशा सिंजाली | |
| १८ | कार्यपालिका सदस्य | श्री तारादेवी बराल | |
| १९ | कार्यपालिका सदस्य | श्री दिपा सिंह खनेल | |

CamScanner

| | | | |
|---|---|---|---|
| २० | कार्यपालिका सदस्य | श्री लीलमति वि.क. | |
| २१ | कार्यपालिका सदस्य | श्री याम बहादुर दमाई | |

आमन्त्रित:

| | | | |
|---|---|---|---|
| २२ | शाखा अधिकृत | श्री नारायणदत्त तिवारी . | |
| २३ | ई. सातौं | श्री महेश काफ्ले | |
| २४ | वरिष्ठ लेखा अधिकृत | श्री दिनेश भण्डारी | |
| २५ | कृषि विकास अधिकृत | श्री जीवन उप्रेती | |
| २६. | आ. ले. प. | श्री डिल बहादुर रावल | |
| २७. | स.क.अ. | श्री दिपेन्द्र शाही मगर | |
| २८. | प्रा. स. | श्री साधना शाही | |
| | | | |

प्रस्ताव प्रमाणित

लेकबेसी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

मिति २०८२/०५/१८ गतेको ५७औं नगर कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरू:

तपसिल:

| सि.नं. | विषय | निर्णय हुनुपर्ने व्यहोरा | प्रस्तावक | कै. |
|---|---|---|---|---|
| १. | समिक्षा सम्बन्धमा। | अघिल्लो बैठकबाट भएको निर्णय कार्यान्वयनको समिक्षा गर्ने । | प्र.प्र.अ. | |
| २. | अध्ययन अनुमति सम्बन्धमा। | नेपाल सरकारको छात्रवृत्तिमा अध्ययनका लागि यस कार्यालयमा अध्ययन अनुमतिका लागि निवेदन पेश गरेका कर्मचारीहरूलाई अध्ययन अनुमति दिनु पर्ने । | स्वास्थ्य शाखा | |
| ३. | यातायात खर्च सम्बन्धमा । | नगरपालिका अन्तर्गतका वडा कार्यालय र स्वास्थ्य संस्थाहरूबाट यस कार्यालयमा सञ्चालन हुने कार्यक्रममा सहभागिता हुँदा उपलब्ध गराइने यातायात खर्च निर्धारण गर्नु पर्ने । | आर्थिक प्रशासन शाखा | |
| ४. | लागत अनुमान सम्बन्धमा । | आ.व. २०८२/०८३ मा सञ्चालन हुने योजनाहरूको लागत अनुमान तयार गर्दा २० प्रतिशत बढोत्तरी हुने गरी गर्ने र अपुग रकमको दायित्व नगरपालिकाबाट सुनिश्चित गर्न निर्णय गर्नु पर्ने । | पूर्वाधार विकास शाखा | |
| ५. | कार्यविधि स्वीकृत गर्ने सम्वन्धमा । | कृषकसँग नगर प्रमुख कृषि कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ माथि छलफल गरी स्वीकृत गर्नुपर्ने । | कृषि विकास शाखा | |
| ६. | सूचीकृतलाई कामकाजमा लगाउने सम्वन्धमा। | २०८१ फाल्गुन मसान्त सम्म मुख्यमन्त्री रोजगार कार्यक्रमका लागि सूचीकृत हुन आएका व्यक्तिहरूलाई मात्र कामकाजमा लगाउने निर्णय गर्नु पर्ने । | रोजगार सेवा केन्द्र | |
| ७. | सेवा करारका लागि सूचना प्रकाशन गर्ने सम्बन्धमा । | आ.व.२०८२/०८३ का लागि संघीय सशर्त कार्यक्रम अनुसार सुरक्षित आप्रवासन (SOMI) कार्यक्रम संचालनका लागि सहायकस्तर स्तर पाँचौ तहको मनोसामजिक परामर्शकर्ता १ (एक) जना कर्मचारी सेवा करारमा पदपूर्ति गर्नु पर्ने । | रोजगार सेवा केन्द्र | |
| ८. | जिम्मेवारी प्रदान गर्ने सम्बन्धमा । | कर्णाली प्रदेश सरकार अन्तर्गतको मुख्यमन्त्री रोजगार कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न रोजगार संयोजकलाई कार्यशर्त अनुरूप थप जिम्मेवारी प्रदान गर्नुपर्ने। | प्र.प्र.अ. | |
| ९. | योजना संशोधन सम्बन्धमा । | नगरपालिका क्षेत्र भित्रका विद्यालयहरूका लागि विद्युतिय हाजिरी डिभाइस खरिद तथा जडानका लागि आवश्यक बजेट संशोधन गर्नु मर्ने । | शिक्षा, युवा, खेलकुद तथा | |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | | सामाजिक विकास शाखा | |
| १०. | सार्वजनिक सूचना प्रकाशन गर्ने सम्बन्धमा । | नगर पालिका क्षेत्र भित्र पर्ने मदन भण्डारी राजमार्ग र दशरथपुर-नेटा सडक खण्डको दायाँ बायाँ सडक क्षेत्रको जग्गा अतिक्रमण गरी बनाइएका घर, टहरा हटाउन सार्वजनिक सूचना प्रकाशन गर्नु पर्ने । | प्र.प्र.अ. | |
| ११. | नदीजन्य पदार्थको ठेक्का वन्दोवस्त गर्ने सम्बन्धमा । | लेकवेशी नगरपालिकाको क्षेत्र भित्रका भेरी नदी र चिङ्गाड खोला, गमखोला र रातेखोला तथा भेरी नदीमा रहेको नदीजन्य पदार्थ उत्खनन्, संकलन गरी बिक्रीवितरणको ठेक्का बन्दोबस्त गर्नका लागि प्रकृया अगाडी बढाउनुपर्ने । | राजस्व प्रशासन उपशाखा | |
| १२. | दैनिक ज्यालादारीमा कामकाजमा लगाउने सम्बन्धमा । | ल्याब असिष्टेण्ट श्री प्रदिप वि.क.लाई दैनिक ज्यालादारीमा कामकाजमा लगाउनका लागि निर्णय गर्नु पर्ने । | स्वास्थ्य शाखा | |

निर्णय प्रमाणित

मिति २०८२/०५/१६ गतेको नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरु:

**निर्णय नं. १**

नगर कार्यपालिकाको अघिल्लो बैठकबाट भएका निर्णयहरु माथि आजको बैठकमा व्यापक छलफल तथा समिक्षा गरियो । साथै कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न लेकबेशी नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २**

नेपाल सरकारको छात्रवृत्तिमा उच्च शिक्षा अध्ययनका लागि यस कार्यालयमा अध्ययन अनुमतिका लागि स्थानीय स्वास्थ्य सेवा तर्फका देहायका कर्मचारीहरुले अध्ययनको लागि पूर्व स्वीकृति माग गर्नु भएकोले निजहरुलाई छात्रवृत्ति कोटा तर्फ छनोट परीक्षाको लागि फारम भर्न पूर्व स्वीकृती दिने निर्णय गरियो ।

तपसिल:

| क. सं. | कर्मचारी संकेत नं | कर्मचारीको नाम, थर | सेवा/समूह/उपसमूह | पद/ तह | हाल कार्यरत स्वास्थ्य संस्था | अध्ययन गर्ने विषय | कै. |
|---|---|---|---|---|---|---|---|
| १ | २२४३३७ | भगवती श्रेष्ठ | स्थानीय स्वास्थ्य/ हे.ई. | जनस्वास्थ्य निरीक्षक/ छैठौं | स्वास्थ्य चौकी सोटाखानी | Bachler in Public Health (स्नातक) | |
| २ | 214788 | वर्षा सुनार | स्थानीय स्वास्थ्य/क.न. | सि.अ.न.मी./ पाचौं | स्वास्थ्य चौकी लेखफर्सा | Bachler in Nursing Science (स्नातक) | |

**निर्णय नं. ३**

लेकबेशी नगरपालिका अन्तर्गतका वडा कार्यालय र स्वास्थ्य संस्थाहरूबाट यस कार्यालयमा सञ्चालन हुने कार्यक्रममा सहभागिता हुँदा उपलब्ध गराइने यातायात खर्च आवश्यक मापदण्ड बनाई निर्धारण गर्ने र सो को कार्यान्वयन गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

आ.व. २०८२/०८३ मा सञ्चालन हुने देहायका योजनाहरूको लागत अनुमान तयार गर्दा २० प्रतिशत सम्म रकम बढोतरी हुने गरी गर्ने र भुक्तानीका लागि अपुग हुने रकमको दायित्वको सुनिश्चितता आगामी हिउँदे नगर सभाबाट गर्ने निर्णय गरियो ।

तपसिल

| सि. नं. | खर्च शिर्षक | योजनाको प्रकृति | योजनाको नाम | विनियोजित रकम | लागत अनुमान रकम | अपुग रकम |
|---|---|---|---|---|---|---|
| १ | ३११५१ | प्रदेश समपुरक | गोरामारे-रत्नाटार- | १२४०००००/- | १४८७९७४१।३० | २४७९७४१।३० |

निर्णय प्रमाणित

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | अनुदान | भैसेदमार सडक निर्माण लेकवेशी-३ | | | |
| २ | ३११५१ | प्रदेश समपुरक अनुदान | चौरासे-बाझेकोट-पुघुके सडक निर्माण लेकवेशी-९ | १००००००/- | १०७०५६९।१२ | ७०५६९४।१२ |
| ३ | ३१११२ | नगरपालिका अनुदान | वडा कार्यालय भवन निर्माण लेकवेशी-९ | ४००००००/- | ६७४३९९७।५६ | २७४३९९७।६० |
| ४ | ३११५१ | संघीय सरकार समपुरक | जहडे ममिलडाँडा सडक स्तरोन्नती लेकवेशी-१ | ८१७००००/- | ९९३७७३१।२० | १७६७७३१।२० |
| ५ | ३११५३ | प्रदेश अनुदान | सौर्य बत्ती जोडान लेकवेशी-३ | १५०००००/- | १८६१८०२।७३ | ३६१८०२।७३ |
| ६ | ३११५१ | नेपाल सरकार समानिकरण अनुदान | लमना-गोलखाल्टा-पाखापानी सडक स्तरोन्नती लेकवेशी-७ | ३००००००/- | ३६१२९२९।०७ | ६१२९२९।०७ |
| स्रोत सुनिश्चित्ता गर्नुपर्ने (हाल योजनामा अपुग हुने) रकम रु. ८६,७१,८९६/- | | | | | | |

**निर्णय नं. ५**

लेकवेशी नगरपालिकाको कृषकसँग नगर प्रमुख कृषि कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ माथि दफावार छलफल गरी उक्त कार्यविधिलाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

लेकवेशी नगरपालिकाको गत आ.व. २०८१/०८२ मा बेरोजगार व्यक्तिहरूलाई सूचीकृत हुनका लागि प्रकाशन गरिएको सुचना अनुसार २०८१ साल फाल्गुन मसान्त सम्ममा कुल २४९२ जना व्यक्तिहरुबाट सूचीकृतका लागि निवेदन प्राप्त भएकोमा सूचीकृत भएका बरोजगार व्यक्तिहरूलाई मात्र चालु आ.व. ०८२/०८३ को रोजगार कार्यक्रममा कामकाज गराउने निर्णय गरियो

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय प्रमाणित

**निर्णय नं. ७**

लेकवेशी नगरपालिकाको आ.व.२०८२/०८३ का लागि संघीय सशर्त कार्यक्रम अनुसार सुरक्षित आप्रवासन (SOMI) कार्यक्रम संचालनका लागि सहायकस्तर स्तर पाँचौ तहको मनोसामजिक परामर्शकर्ता १ (एक) जना कर्मचारी सेवा करारमा पदपूर्ति गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

चालु आ.व. ०८२/०८३ मा यस नगरपालिकामा सञ्चालन हुने कर्णाली प्रदेश सरकार अन्तर्गतको मुख्यमन्त्री रोजगार कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न रोजगार संयोजक श्री डिल्लीराम तिवारीलाई कार्यशर्त अनुरूप थप जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

यस लेकवेशी नगरपालिकाको चालु आ.व. २०८२/०८३ का लागि स्वीकृत भएका देहायका योजनाहरू संशोधन गर्नु पर्ने भएकोले आगामी हिउँदे नगरसभाको अधिवेशनबाट अनुमोदन हुने गरी देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

| क्र. सं. | योजनाको नाम | रकम | संशोधित हुनुपर्ने योजना | रकम रू. | कार्यान्वयन हुने स्थान |
|---|---|---|---|---|---|
| १. | बेत्तडा अधुरो भवन निर्माण | ५,००,०००/- | विद्युतिय हाजिरी डिभाईस खरिद तथा जडान | १२,००,०००/- | लेकवेशी न.पा. |
| २. | जनज्योति आवि आरनटुडाँ शौचालय निर्माण | ७,००,०००/- | | | |

**निर्णय नं. १०**

मदन भण्डारी राजमार्ग अन्तर्गतको लेकवेशी नगरपालिकाको क्षेत्र भित्र राजमार्ग आसपास र दशरथपुर-नेटा सडक खण्डको राजमार्ग क्षेत्रको सार्वजनिक जग्गा अतिक्रमण गरी विभिन्न प्रयोजनका लागि घर, टहरा निर्माण गरेको भनि व्यापक जनगुनासो तथा निर्माण व्यवसायीबाट अनुरोध भई आएकाले मदन भण्डारी राजमार्ग क्षेत्रको घर, टहरा हटाउन ७ दिने र दशरथपुर-नेटा सडक खण्डको लागि १५ दिने सार्वजनिक सूचना जारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

लेकवेशी नगरपालिकाको क्षेत्र भित्रका भेरी नदी र चिङ्गाड खोला, गमखोला र रातेखोला तथा भेरी नदीमा रहेको नदीजन्य पदार्थ IEE मा तोकिए बमोजिमको स्थानहरूबाट तोकिएको परिमाणमा उत्खनन्, संकलन गरी बिक्री वितरण गर्ने प्रयोजनका लागि ठेक्का बन्दोबस्त गर्न प्रक्रिया अगाडी बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १२**

यस लेकवेशी नगरपालिका अन्तर्गतको स्वास्थ्य चौकी कल्याणमा स्वास्थ्य सेवा, मे.ल्या.टे. समूह, चौथो तह, ल्याब असिष्टेण्ट पद रिक्त रहेको र उक्त पदमा पदपूर्ति नहुन्जेल सम्मका लागि श्री प्रदिप वि.क. लाई मिति २०८२/०४/०१ गते देखि निरन्तरता हुने गरी दैनिक ज्यालादारीमा कामकाजमा लगाउने निर्णय गरियो ।

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत